श्री ५ को सरकार

## वन तथा भू-संरक्षण मन्त्रालयको

## सूचना

श्री ५ को सरकारले औषधी ऐन, २०३५ को दफा २५ ले दिएको अधिकार प्रयोग गरी नेपाल अधिराज्यभर "ओरल र पारेन्टेरल" प्रयोजनको निमित्त देहायबमोजिमको औषधीहरूको उत्पादन, बिक्री-वितरण र पैठारी तुरुन्त मनाही गरेको छ।

(१) एमिडोपाइरिन र यो औषधी समावेश गरिएको औषधीहरू ।

(२) फेनासिटिन र यो औषधी समावेश गरिएको औषधीहरू ।

(३) क्लियोक्युनल र यो औषधी समावेश गरिएको औषधीहरू ।

आज्ञाले,

एमरल्ड ज.ब. राणा

श्री ५ को सरकारको सचिव

श्री ५ को सरकार

## वन तथा भू-संरक्षण मन्त्रालयको

## सूचना

श्री ५ को सरकारले औषधी ऐन, २०३५ को दफा २५ ले दिएको अधिकार प्रयोग गरी "ओरल र पारेन्टेरल" प्रयोजनको निमित्त निम्नलिखित औषधीहरूका उत्पादन र पैठारी नेपाल अधिराज्यभर तुरुन्त मनाही गरी यी औषधीहरूको बिक्री-वितरण पनि २०४० साल भाद्र १ गतेदेखि मनाही गरेको छ।

(१) ट्रान्क्युलाइजर र । वा एन्टिइन्फ्लामेटरी औषधीहरूसँग भिटामिन औषधी सम्मिश्रण गरिएको औषधीहरू ।

(२) एन्टिस्पास्मोडिक एट्रोपिन औषधी एनाल्जेसिक र एन्टिपाइरेटिक औषधीसँग सम्मिश्रण गरिएका औषधीहरू ।

(३) योहिम्बिन र । वा स्ट्रिक्निन औषधी टेस्टेस्टेरोन औषधीसँग र । वा भिटामिनसँग सम्मिश्रण गरिएका औषधीहरू ।

(४) आइरन औषधी स्ट्रिक्निन औषधीसँग र । वा योहिम्बिन औषधीसँग र । वा आर्सेनिक औषधीसँग सम्मिश्रण गरिएका औषधीहरू ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(५) सोडियम ब्रोमाइड औषधी वा क्लोरल हाइड्रेट औषधी अन्य औषधीसँग सम्मिश्रण गरिएका औषधीहरू ।

(६) एन्टिहिस्टामिन औषधी एन्टिडायरियल्स वा एन्टिएमोविक औषधीसँग सम्मिश्रण गरिएका औषधीहरू ।

(७) भिटामिन औषधी एनाल्जेसिक औषधिसँग सम्मिश्रण गरिएका औषधीहरू ।

(८) पेनिसिलिन्स औषधी सल्फोनामाइड औषधीसँग सम्मिश्रण गरिएका औषधीहरू ।

(९) भिटामिन 'सी' औषधी टेट्रासाइक्लिनस् औषधीसँग सम्मिश्रण गरिएका औषधीहरू ।

(१०) स्टेरोइड्स औषधी, इफेड्रिन औषधी र जेन्थिन औषधीसँग सम्मिश्रण गरिएका औषधीबाहेक अन्य औषधीसँग सम्मिश्रण गरिएका औषधीहरू ।

(११) क्लोराम्फेनिकल औषधी स्ट्रेप्टोमाइसिन औषधीसँग बाहेक अन्य औषधीसँग सम्मिश्रण गरिएका औषधीहरू ।

(१२) क्षयरोगको आइसोनियाजाइड औषधी भिटामिन 'बी' ६ सँग सम्मिश्रण गरिएको औषधी बाहेक क्षयरोगको अन्य औषधी भिटामिन औषधीसँग सम्मिश्रण गरिएका औषधीहरू ।

(१३) एर्गट औषधी क्याफिनसँग सम्मिश्रण गरिएको औषधीबाहेक अन्य औषधीसँग सम्मिश्रण गरिएका औषधीहरू ।

(१४) स्ट्रिक्निन औषधी र । वा क्याफिन औषधी सम्मिश्रण गरिएका टनिक औषधीहरू ।

आज्ञाले,
एमरल्ड ज. ब. राणा
श्री ५ को सरकारको सचिव

मुद्रण विभाग, नेपाल
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

११6

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।